# लघु अनुसन्धान कार्यविधि

पिण्डेश्वर विद्यापीठ, धरानमा वि.सं.२०७८ मा स्थापित अनुसन्धान व्यवस्थापन एकाइको उद्देश्यअन्तर्गत लघु अनुसन्धान कार्यक्रम सञ्चालन गर्नु पनि रहेको छ । अपेक्षाकृत साना अनुसन्धान परियोजनाहरूलाई प्रोत्साहन गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो । अनुसन्धाताहरूमा अनुसन्धान क्षमताको अभिवृद्धि गरी नवीनतम ज्ञानलाई उजागर गर्न सहयोग पुऱ्याउनु यसको लक्ष्य रहेको छ ।

पिण्डेश्वर विद्यापीठ, अनुसन्धान व्यवस्थापन एकाइले आ.व.२०७९/८० का लागि स्वीकृत गर्ने लघु अनुसन्धान कार्यविधि यस प्रकारको रहेको छ :

१. आ.व.२०७९/८० का लागि प्रतिस्पर्धाका आधारमा ५ वटा लघु अनुसन्धान प्रस्तावहरू स्वीकृत गरिनेछन् । एउटै विषय र विधाका दुईभन्दा बढी प्रस्ताव स्वीकृत गरिने छैन ।

२. पिण्डेश्वर विद्यापीठका पूर्णकालीन प्राध्यापक एवम् कर्मचारीहरूले प्रस्ताव पेस गर्न सक्नेछन् ।

३. पिण्डेश्वर विद्यापीठ अनुसन्धान व्यवस्थापन एकाइअन्तर्गत गठित **लघु अनुसन्धान छनोट समिति**का सदस्यहरूले प्रस्ताव पेस गर्न पाउने छैनन् ।

४. विद्यापीठको वेभसाइड www.pindeshwar.edu.np मा अपलोड गरिएको फाराम भरी रितपूर्वक लघुअनुसन्धान प्रस्ताव पेस गर्नुपर्ने छ ।

५. दुईप्रति अनुसन्धान प्रस्तावका साथ निवेदन, फोटो १ प्रति, बायोडाटा, नागरिकताको प्रतिलिपि एवम् नियुक्तिपत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्ने छ ।

६. प्रस्तावका साथ अनुसन्धानमूलक जर्नल (ISSN प्राप्त) मा प्रकाशित २ वटा लेखहरू पेस गर्नुपर्ने छ ।

७. प्रस्तावका साथ **पिण्डेश्वर क्याम्पस अनुसन्धान व्यवस्थापन एकाइ/PINDESHWAR CAMPUS RESEARCH MANAGEMENT CELL** को नाममा रा.वा.बैक धरानको च.हि.नं २१६०१००००७०३२००१ मा रू. ५००।- जम्मा गरेको सक्कल बैंक भौचर पेस गर्नुपर्ने छ ।

८. अनुसन्धान प्रस्तावको भित्री पृष्ठहरूमा प्रस्तावक चिनिने कुनै सङ्केत राख्न पाइने छैन ।

९. प्राप्त भएका लघु अनुसन्धान प्रस्तावहरु यस एकाइको रोस्टरमा नाम उल्लेख भएका २ जना विषयविज्ञबाट छुट्टाछुट्टै मूल्याङ्कन गराई औसतमा अङ्भार निर्धारण गरिने छ ।

१०. लघु अनुसन्धान प्रस्तावलाई १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ । प्रस्तावको प्रारम्भिक मूल्याङ्कनमा कम्तीमा ५०% अङ्क ल्याई प्रस्तावक उत्तीर्ण भएमा प्रस्तुतीकरणमा उपस्थित हुनुपर्ने छ र यसमा पनि सफल भएपछि मात्र लघु अनुसन्धान स्वीकृत भएको मानिने छ ।

११. लघु अनुसन्धान प्रस्तावको मूल्याङ्कन गर्दा अनुसन्धेय विषयको सान्दर्भिकता, समस्या कथन र उद्देश्यबीच पारस्परिक सम्बन्ध, साङ्घटनिक एकता, पूर्वकार्यको समीक्षा, शोधविधिको उपयुक्तता आदि क्षेत्रलाई विशेष ख्याल गरिने छ ।

१२. अङ्कविभाजन ः

लघु अनुसन्धान प्रस्तावको मूल्याङ्कन गर्दा तल प्रस्तुत तालिकामा तोकिएको ढाँचालाई अवलम्बन गरिने छ । विषयविज्ञले प्रस्ताव मूल्याङ्कन गर्दा ५० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनुपर्ने छ ।

१३. लघु अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि यस व्यवस्थापन एकाइ र अनुसन्धाताबीच सम्झौता पत्रमा हस्ताक्षर हुने छ । यसपछि अनुसन्धानको समय सुरु भएको मानिने छ ।

१४. लघु अनुसन्धानको जम्मा समयावधि ६ महिनाको हुने छ ।

१५. अनुसन्धान लेखन पूरा गरी शोधप्रतिवेदन पेस गरेपछि एकाइले विषयविज्ञबाट परीक्षण गराउने छ । परीक्षणका क्रममा अनुसन्धानले नयाँ ज्ञानका लागि दिएको योगदान, उद्देश्यको स्पष्टता, अनुसन्धान विधिको प्रयोग, अनुसन्धानमूलक भाषिक प्रयोग, अनुसन्धानको साङ्घटनिक संयोजन, क्रमबद्धता, विश्लेषणात्मक दृष्टि, भाषाशैली आदि पक्षलाई ख्याल गरिने छ । अन्तिममा प्रस्तुतीकरणसहित वाक्परीक्षा गराइने छ र विज्ञहरूको सुझावअनुसार अनुसन्धाताले संशोधन गरी अनुसन्धान प्रतिवेदन बुझाएपछि मात्र एकाइले अनुसन्धातालाई प्रमाणपत्र प्रदान गर्ने छ।

१६. अनुसन्धान गर्ने अनुसन्धातालाई यस एकाइले आर्थिक सहयोग गर्ने छैन ।

१७. लघु अनुसन्धान प्रस्ताव सूचना प्रकाशित भएको ३५ दिन भित्रमा उपलब्ध गराइसक्नुपर्ने छ ।

१८. अनुसन्धान प्रस्तावको दुई प्रति Hard copy पेस गर्नुपर्ने छ र Soft copy यस व्यवस्थापन एकाइको मेल ठेगाना researchpindeshwar@gmail.com मा पठाउनु पर्नेछ ।

१९. RMC संयोजकको अध्यक्षतामा तीन सदस्यीय छनोट उपसमिति गठन हुनेछ, जसले लघु अनुसन्धान प्रस्ताव छनोटको नतिजा प्रकाशन गर्ने छ साथै यसै समितिले बाह्य विशेषज्ञमार्फत अनुसन्धान प्रतिवेदन मूल्याङ्कन गराई अन्तिम वाक्परीक्षा एवम् प्रस्तुतीकरणपश्चात् अनुसन्धातालाई प्रमाणपत्र प्रदान गर्नेछ ।

२०. कुनै विवाद आएमा छनोट समितिको निर्णय अन्तिम हुने छ ।

२१. लघु अनुसन्धान प्रतिवेदन निम्नानुसारको ढाँचामा पेस गर्नुपर्ने छ ः

# Mini Research Checklist

१. अनुसन्धान प्रस्ताव A4 paper size मा 1 inch all sides margin मा Double Space Line मा टाइप गरिएको १५ देखि २० पृष्ठसम्मको हुनुपर्नेछ । अनुसन्धान प्रस्ताव Times New Roman (12 pt) वा Preeti (15 pt) font मा हुनुपर्ने छ ।

२. अनुसन्धान प्रस्तावको ढाँचा निम्नबमोजिमको हुनुपर्ने छ -

i) Title (शीर्षक)

ii) Abstract (सार)

iii) Background/ Problem (पृष्ठभूमि र समस्या)

iv) Research Objectives (अनुसन्धानको उद्देश्य)

v) Hypothesis (if any) (प्राक्कल्पना)

vi) Literature Review and Research Gap (पूर्वकार्य समीक्षा र शोध अन्तराल)

x) Design / Methodology (अनुसन्धान ढाँचा तथा विधि)

ix) Limitations and Delimitations (सीमा, परिसीमा)

xii) Ethical/Safety Issues (अनुसन्धान आचार)

vi) Theoretical Aspect (सैद्धान्तिक पक्ष)

xi) Expected Outcome (अपेक्षित उपलब्धि)

xiii) Organization of the Final Report (प्रतिवेदनको रूपरेखा)

xiv) References/Works Cited (सन्दर्भसामग्री)

नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, अनुसन्धान व्यवस्थापन एकाइ
धरान-१४, सुनसरी, प्रदेश एक

## छनोट समिति

## लघु अनुसन्धान प्रस्ताव मूल्याङ्कन तालिका

अनुसन्धाताको नाम/कोड नं.......................................................................................
शीर्षक.....................................................................................................................................

विषय..............................................  विभाग.........................................................

| क्र.सं. | विषय | व्याख्यान | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | **शीर्षक** | शीर्षक विशिष्टीकृत, अनुसन्धेय र वैध छ ? | ५ | |
| २. | **पृष्ठभूमि/परिचय** | प्रस्तावले स्पष्ट र सान्दर्भिक रुपमा शोध विषयको उठान गरेको छ ? | ६ | |
| ३. | **समस्या पहिचान** | यसले सान्दर्भिक मुद्दाहरुलाई केन्द्रित गरेर अनुसन्धान प्रश्नलाई स्पष्ट रुपमा बताएको छ ? | ८ | |
| ४. | **अनुसन्धान उद्देश्यहरु** | यो अनुसन्धान प्रश्नसँग सम्बन्धित रही विषयसँग जोडिएको छ ? | ८ | |
| ५. | **सैद्धान्तिक अवधारणा** | यसले अवलम्बन गरेको सिद्धान्त, अवधारणा वा मान्यता स्पष्ट छ ? | ८ | |
| ६. | **पूर्वकार्य समीक्षा** | यसले पूर्वकार्य समीक्षाको उचित मापदण्ड, हालको प्रवृत्ति र शोध अन्तराललाई प्रष्ट पारेको छ ? | ८ | |
| ७. | **सामग्री र विधिहरु** | यसले सामग्री सङ्कलन, विश्लेषण र निष्कर्ष निष्पादनका विधिहरूको पालना गरेको छ ? | ८ | |
| ८. | **उपलब्धि/प्राप्ति** | यो ने.सं.वि.को कोर्स, समाज सुधार, समस्या समाधान, नीति निर्माण आदिका लागि उपयोगी छ ? | ८ | |
| ९. | **मौलिकता र नवीनता** | यसमा मौलिकता र नवीनता देखिएको छ ? | ८ | |
| १०. | **अनुसन्धान ढाँचा** | यसले ने.सं.वि. अनुसन्धान केन्द्रको नवीनतम ढाँचा वा APA 7th/ MLA 8th ed. लाई अवलम्बन गरेको छ ? | ५ | |
| ११. | **शोधपत्रको रूपरेखा** | प्रस्तावित शोधपत्रको रूपरेखा सान्दर्भिक र औचित्यपूर्ण छ ? | ३ | |
| | | **कुल अङ्क** | **७५** | |
| १२. | **लेख मूल्याङ्कन** | माथि उल्लेख गरिएका क्र.सं. १-१० सम्मका मापनीय आधारमा अनुसन्धाताद्वारा बुझाइएका लेखहरू (दुई) उपयुक्त छन् ? | ५ | |
| | | **कुल अङ्क** | **८०** | |
| १३. | **प्रस्तुतीकरण** | माथि उल्लेख गरिएका क्र.सं. १-११ सम्मका विषयमा केन्द्रित भई १०-१५ वटा पावरप्वाइन्ट स्लाइडमार्फत स्पष्ट प्रस्तुतीकरण एवम् विज्ञबाट उठाइएका प्रश्नहरूको कुशलतापूर्वक जवाफ (समय-१५ मिनेट) | २० (विज्ञ - ८; छनोट समिति-१२) | |
| | | **जम्मा** | **१००** | |

विज्ञको सुझाव (केही भएमा) : ................ ................ .................... ............... ............... .................... ................ ...................... ..................
.................. ................................ ............. ................ ...................... .......................... .............................. ........................ ................... ..................

मिति :                                                        ............................
विषयविज्ञ